राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३८ २०८२ भदौ १० गते मंगलवार (26 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## पत्रकार महासंघको चरणबद्ध आन्दोलन घोषणा



दैनिक समाचारदाता

विराटनगर, ९ भदौ । पत्रकार र सञ्चारमाध्यमलाई नियमन गर्न बनेको 'कोशी प्रदेश आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१' को विरोधमा नेपाल पत्रकार महसंघले आन्दोलन घोषणा गरेको छ ।

दण्ड जरिवानाको प्रावधानसहित विधेयक पास गर्ने तयारी भएपछि महासंघ कोशी प्रदेशले सोमबारबाट चरणबद्ध आन्दोलन घोषणा गरेको हो । संविधानको मर्म र भावनाविपरीत तथा पूर्ण प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने अभिप्रायले विधेयक पास गर्ने तयारी भएपछि आन्दोलन सुरु गरेको महासंघले जनाएको छ ।

२०८१ माघ १८ गते 'कोशी प्रदेश आमसञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१' विधेयमा दर्ता भएको थियो ।

प्रदेशसभामा छलफलका क्रममा १३ वटा संशोधन दर्ता भएपछि छलफलका लागि प्रदेशसभाको न्याय प्रशासन तथा बिधायन समितिमा पठाइएको थियो । मिनी संसदको रुपमा रहेको समितिले कारवाही र जरिवानाको थप प्रावधानहितको प्रतिवेदन शुक्रबारको प्रदेशसभा बैठकमा पेश गरेको छ । प्रदेशसभाको अर्को बैठक भदौ १३ गते बस्दैछ । पत्रकार महसंघ कोशी प्रदेशले भदौ १३ गतेसम्मका लागि चरणवद्ध आन्दोलन घोषणा गरेको हो ।

यस्ता छन् आन्दोलनका कार्यक्रम

*भदौ ९ गते :* प्रदेशभरिका पत्रकारहरूले आ(आफ्नो सामाजिक सञ्जालमा प्रदेश सरकार र प्रदेशसभालाई विधेयक सच्याउनको निमित्त खबरदारी गर्दै पोस्ट गर्ने । (नाराः 'कोशी प्रदेश आमसञ्चार विधेयकमा रहेका प्रेस स्वतन्त्रता विरोधी प्रावधान, खारेज गर')

*भदौ १० गते :* मुख्यमन्त्री, विभागीय मन्त्री तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता र प्रमुख सचेतकहरूलाई भेटेर विधेयक सच्याउन ध्यानाकर्षण गराउने ।

*भदौ ११ गते :* प्रदेशभरिका पत्रकारहरूले आ(आफ्नो जिल्लाका प्रदेशसभा सदस्यहरूलाई सन्देश पठाउने ।

*भदौ १२ गते :* नेपाल पत्रकार महासंघ प्रदेश समितिको तर्फबाट मुख्यमन्त्री कार्यालय र जिल्ला शाखाहरूले जिल्ला प्रशासन कार्यालय अगाडि १ घण्टा धर्ना दिने ।

भदौ १३ गते : दिउँसो १ बजे विराटनगरस्थित देवकोटा चोकमा १ घण्टा धर्ना दिने ।

## भूमि विधेयक मधेशको हितमा छैन : महासचिव साह

दैनिक समाचारदाता

जनकपुरधाम, ९ भदौ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का केन्द्रीय महासचिव तथा पूर्व मधेश प्रदेश सांसद प्रमेश्वर साहले सरकारले ल्याउन लागेको भूमि सम्बन्धी विधेयक मधेशको हितविपरीत रहेको आरोप लगाएका छन् । सोमबार सम्पन्न लोसपाको केन्द्रीय समिति बैठकपछि समाचार दैनिकसँग कुरा गर्दै महासचिव साहले भने, "मैले यस विधेयकलाई पूर्णरूपमा अध्ययन गर्ने मौका पाएको छैन, तर छोटकरीमा हेर्दा पनि यो मधेशका जनताको हितमा देखिँदैन ।"

लोसपाको बैठकमा केन्द्रीय महाधिवेशन, भूमि विधेयक, शिक्षा विधेयक तथा पछिल्ला दिनमा वीरगञ्ज क्षेत्रमा फैलिएको हैजा महामारीबारे विशेष छलफल गरिएको थियो । बैठकले हैजा नियन्त्रणका लागि तत्काल प्रभावकारी कदम चाल्न, बिरामीलाई उपचारमा कमी हुन नदिन सरकारलाई ध्यानाकर्षण गराउने निर्णय गरेको साहले जानकारी दिए ।

भूमि विधेयक र शिक्षा विधेयकलाई लिएर देशभरै आन्दोलन चलिरहेको स्मरण गराउँदै उनले लोसपा पनि गम्भीर अध्ययनपछि पार्टीगत धारणा सार्वजनिक गर्ने बताए ।

"हामी कुनै पनि नीतिगत विषयमा हतारमा निर्णय गर्ने पक्षमा छैनौं, तर मधेशका हकहितमा प्रतिकूल प्रावधान रह्यो भने कठोर कदम चाल्नुपर्छ," उनले चेतावनी दिए । त्यसैगरी उनले देशको समग्र राजनीतिक अवस्था चुनौतीपूर्ण रहेको उल्लेख गर्दै पार्टी निरन्तर रुपमा त्यसबारे छलफलमा रहेको जानकारी दिए । "हाम्रो पार्टीले राष्ट्रिय मुद्दामा गम्भीर बहस र अध्ययन गरेर मात्र रणनीति तय गर्नेछ," साहले भने ।



यसरी लोसपाको बैठकले मधेशसँग प्रत्यक्ष सरोकार राख्ने भूमि र शिक्षा सम्बन्धी विधेयकलाई प्राथमिकतामा राख्दै सरकारको नीति तथा कामकारवाहीलाई चुनौती दिएको छ । हैजाको महामारी नियन्त्रण, शिक्षा र भूमिसम्बन्धी अधिकार सुनिश्चिततामा पार्टीको सक्रियता देखिन थालेको टिप्पणी गरिएको छ ।

## सप्तरीमा एक हप्तामै आठ शव फेला

दैनिक समाचारदाता

सप्तरी, ९ भदौ । सप्तरीमा गत एक हप्तामा विभिन्न घटनामा परी आठ जनाको शव फेला परेको छ । मृतकमध्ये पाँच महिला र तीन पुरुष रहेका छन्।

पछिल्लो घटनामा आइतबार राति कञ्चनरुप नगरपालिका-७ धरमपुरस्थित पेट्रोलपम्प नजिक अन्दाजी ४०-४५ वर्षीया महिलाको शव भेटिएको हो। सोही दिन सोही नगरपालिका-६ घोघनपुरस्थित चन्द्रनहरमा डुबेर एक पुरुष मृत अवस्थामा फेला परेका थिए। स्थानीय ४६ वर्षीय सत्रुधन सदा दिउँसो नुहाउने क्रममा नहरमै डुबेका थिए । यसअघि तिलाठी-कोइलाडी गाउँपालिका-६ बभनगामा धान गोड्ने क्रममा लडेर ६५ वर्षीया पवनदेवी यादवको मृत्यु भएको थियो। भदौ ४ गते शम्भुनाथ नगरपालिका-६ लतियाहीकी ३२ वर्षीया रामकुमारी चौधरी मृत अवस्थामा भेटिएकी थिइन्। त्यस्तै, भदौ २ गते अग्निसाइर कृष्णासवरन गाउँपालिका-२ चाँदनी चौकमा खेतमा खनेको खाल्डोमा डुबेर ७२ वर्षीया सजनी सदा मृत फेला परेकी थिइन्। शनिबार राति कञ्चनरुप नगरपालिका-५ पिपरामामा करेन्ट लागेर ५० वर्षीय बद्री सरदार र उनकी ४५ वर्षीया श्रीमती विमलादेवी सरदारको ज्यान गएको थियो। यस्तै, भदौ १ गते तिरहुत गाउँपालिका-४ डिमनमा सुनसरी दुहबी नगरपालिका-११ का ५० वर्षीय जगदीश मेहता झुन्डिएको अवस्थामा भेटिएका थिए।

जिल्लामा भदौ १ गतेदेखि ८ गतेसम्म आठ जनाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी जितेन्द्र बस्नेतले जानकारी दिनुभयो।

## हैजाका लक्षण र बच्ने उपाय

लक्षणः


- बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- बारम्बार वान्ता हुने,
- शरीर कमजोर हुने, आँखा भासिने,
- शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- मुख र छाला सुख्खा हुने,
- कमजोरी र थकान महशुस हुने,
- चक्कर लाग्ने वा होश हराउने,
- कम रक्तचाप र छिटो नाडी चल्ने ।

बच्ने उपायहरूः

- पानी उमालेर वा फिल्टर गरेर पिउने,
- खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- खुला रुपमा राखिएको खाना नखाने,
- जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राख्ने,
- खानेकुरा राम्रोसँग पखालेर खाने,
- झोलिलो खाना र प्रशस्त पानी पिउने,
- लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# वीरगन्जमा हैजाको समुदायस्तरीय चुनौती

वीरगन्जमा हैजा समुदायस्तरमै फैलिएको समाचार अत्यन्त चिन्ताजनक बनेको छ। केही दिनअघिसम्म झाडापखालाका सामान्य केसका रूपमा देखिएको रोग अहिले हैजाको रूप लिँदै समुदायमै फैलिएको तथ्यले जनस्वास्थ्यलाई ठूलो संकटमा डोऱ्याएको छ।

तराई अस्पतालमा पहिलो पटक तीन बिरामीमा हैजा पुष्टि भएयता यस रोगले छोटो अवधिमै एक सय पचासभन्दा बढीलाई अस्पताल पुऱ्याएको छ। नारायणी अस्पतालदेखि लिएर नेसनल मेडिकल कलेज, तराई अस्पताल, वीरगन्ज हेल्थकेयर, भवानी, अली अर्थो ट्रमा सेन्टर, नारायणी सेन्ट्रल तथा अन्य निजी अस्पतालसम्म हैजा र झाडापखालाका बिरामीले भरिएका छन्। सबैभन्दा बढी भीड नारायणी अस्पतालमा देखिनु रोगको तीव्रता र महामारीजन्य स्वरूपलाई स्पष्ट संकेत गर्छ।

यसबीचमा महानगरपालिकाले बैठक बसेर सतर्कता अपनाउने, विद्यालय बन्द गर्ने, सडकछेउमा खाद्यवस्तु बिक्रीमा रोक लगाउने तथा वडा-वडामा स्वास्थ्यकर्मी परिचालन गर्ने जस्ता कदम उठाएको सराहनीय छ। तर यस्ता आकस्मिक कदम मात्रै पर्याप्त हुँदैनन्। रोग समुदायस्तरमै फैलिएको छ भने यसको जडतर्फ ध्यान दिनु अपरिहार्य छ। सुरक्षित खानेपानीको अभाव, ढल व्यवस्थापनको कमजोरी, सरसफाइको बेवास्ता र सडकछेउमा खुलेआम बिक्री हुने अस्वच्छ खाद्यवस्तु नै यस्ता रोग फैलिने मूल कारण हुन्। यी संरचनागत समस्यामा दीर्घकालीन सुधार नगरेसम्म हैजा नियन्त्रण कठिन हुन्छ।

स्वास्थ्यकर्मीहरूले दिएको चेतावनी अनुसार हैजाका लक्षणहरू–निरन्तर झाडापखाला, बान्ता, पेट दुखाइ, ज्वरो, डिहाइड्रेसन–समयमै उपचार नगरे घातक बन्न सक्छन्। अझ हैजा जस्तो पानीजन्य रोगमा रोकथाम नै उपचारभन्दा महत्वपूर्ण हुन्छ। त्यसैले अस्पताल पुगेका बिरामीको उपचार मात्र नभई, घर-घरमा सुरक्षित पानी वितरण, सरसफाइ अभिवृद्धि, सचेतना अभियान र जोखिमपूर्ण क्षेत्रको निरन्तर अनुगमन अत्यावश्यक छ।

यो महामारीले देखाएको छ कि वीरगन्ज जस्तो ठूलो शहर अझै आधारभूत स्वास्थ्य पूर्वाधार र पूर्वतयारीका हिसाबले कमजोर छ। एकै पटक सयौं बिरामीलाई सम्हाल्न नसक्ने अवस्था देखिनु चिन्ता जनक हो। यसले राष्ट्रिय तहमै महामारी व्यवस्थापन रणनीतिलाई पुनरावलोकन गर्नुपर्ने देखाउँछ।

यस घडीमा सबैभन्दा ठूलो जिम्मेवारी सरकार, स्थानीय निकाय र स्वास्थ्य संस्थामाथि छ। तर नागरिकहरूले पनि सावधानी अपनाउनुपर्छ–उमालेर मात्र पानी पिउनु, ढाकेर राखिएको ताजा खाना खानु, सडकछेउमा खुला रुपमा बेचिने खाद्यवस्तु नगर्नु र सरसफाइमा जोड दिनु नै आत्म-सुरक्षाको पहिलो कदम हो । हैजा जस्तो रोग समुदायस्तरमै फैलिसकेको अवस्था बेवास्ता गर्न मिल्दैन। तत्काल नियन्त्रणका लागि आकस्मिक योजना, मध्यकालीन समाधानका लागि खानेपानी-ढलको सुधार र दीर्घकालीन दृष्टिकोणका लागि सार्वजनिक स्वास्थ्य पूर्वाधारको सुदृढीकरण–यी सबैलाई प्राथमिकतामा राख्नुपर्छ। अन्यथा वीरगन्जको हैजा महामारी अन्य सहरका लागि पनि चेतावनी बनेर फैलिन सक्छ।

# कर्मचारीको आत्मसम्मानमा कसरी लाग्दैछ ठेस ?



उमेश दाहाल

कर्मचारी भएर कर्मचारीतन्त्रका नकारात्मक कुरा गर्दा कता कता संकोच लागेर आउँछ । केन्द्रदेखि स्थानीयस्तरसम्म सञ्जाल रहेको कर्मचारीको शासकीय शैलीमा समयक्रम अनुसार फरकपना हुँदै जानुपर्ने हो । कर्मचारी भन्ने बित्तिकै निजामतीलाई मात्रै बुझ्ने गरिन्छ ।

अन्य निजी क्षेत्र, सार्वजनिक संस्थान, विभिन्न कम्पनीहरू लगायतका निजामती बाहेकका कर्मचारीलाई झट्ट रुपमा भन्दा संस्था सञ्चालनका अगुवा जस्तो बुझाई जनतामा भएको आभास हुन्छ । निजामती कर्मचारी भन्नासाथ नकारात्मक दृष्टिले हेर्ने वा चित्रित गर्ने गरेको महसुस हुन्छ ।

कर्मचारी प्रशासनले गर्ने कार्यशैली र व्यवहारलाई जनता र समग्र कर्मचारीले नराम्रो मान्दैनन् ।

कर्मचारीतन्त्रमाथी निरन्तर प्रहार गर्ने खराब राजनीतिकर्मी र सोही आवरणका पात्रहरू हुन् भन्दा अत्युक्ति नहोला । देशको राजनीतिक चरित्रले नै कर्मचारीतन्त्रको शासकीय मार्गरेखा कोर्ने हो ।

राजनीतिज्ञहरू शासकीय पद लिईसकेपछि क्षणमै पुरै कर्मचारीतन्त्रलाई स्क्यान गरेर दिमागमा राखेजस्तो गर्छन् । क्षणभरमै कर्मचारीतन्त्रका सिद्धान्त र शैलीहरूलाई मिथ्या साबित गर्दै तर्क र विचारहरू राखेको पाईन्छ ।

आफ्नो शैली, स्वभाव र व्यवहार अनुकूल कर्मचारीहरू परिचालन भएनन् भन्ने भाष्य भएमा कर्मचारी थाङ्ने हुन्छन्, माग्ने हुन्छन्, प्रक्रिया खोज्ने र काम टार्ने हुन्छन्, अटेरी हुन्छन्, भ्रष्ट हुन्छन्, यस्तै यस्तै ।

कर्मचारीतन्त्रका विश्वब्यापी सिद्धान्तहरू उस्तै प्रकृतिका छन् । तिनै प्रतिपादित सिद्धान्तहरूबाट मार्गनिर्देशित भई शासन सञ्चालनका कार्यविधिहरू तय गरिन्छन् र सोही अनुरुप कार्यसञ्चालनका मार्गरेखाहरूबाट कर्मचारी प्रशासन सञ्चालन गरिन्छ ।

यसका साथै विश्व प्रसिद्ध प्रशासनविद्हरुका अनुभव, भनाई उद्धरणीय विचार, सोचाई जस्ता कुराहरूलाई आधार बनाएर समेत समयक्रम अनुसार विधिहरूलाई परिमार्जित स्वरुपमा अनुशरण गरी प्रशासनिक काम कारबाही गर्ने गरेको पाईन्छ ।

कर्मचारीतन्त्रले तटस्थतापूर्वक र निष्पक्ष भई सेवा प्रवाह गर्न वर्तमान राजनीतिक नेतृत्वप्रति जति बफादार हुनुपर्छ त्यतिकै पछि आउने नेतृत्वप्रति पनि बफादार हुनपर्छ भन्ने कर्मचारीतन्त्रको क्रमिक दाम्पत्यको सिद्धान्तु अनुरुप काम कारबाही गर्नुपर्छ ।

यस सिद्धान्तले कर्मचारीतन्त्र राजनीतिकरणबाट जोगिनुपर्छ भन्ने बुझाउँछ । त्यसैले नै कर्मचारीतन्त्रलाई स्थायी सरकार, अनिर्वाचित सिनेट भनिएको हो ।हाम्रो देशमा विद्यालय तहको शिक्षा, विश्वविद्यालय तहको शिक्षा, निजामती सेवामा वा अन्य सेवामा प्रवेशका लागि भर्ना छनौट र पदपूर्तिका लागि निर्धारित गरी तोकिएको पाठ्यक्रम र पढनुपर्ने विषयवस्तु, सेवा प्रवेश पछिको काम गर्ने कार्यविधिगत तौरतरिका र शैली बीचमा कुनैपनि तादात्म्यता छैन ।

सबै उल्लेखित क्षेत्रमा फरक फरक अनुभव र ज्ञान लिनुपर्ने बाध्यात्मक अवस्था छ । कर्मचारीले सेवा प्रवेश पछिको कार्यक्षेत्रको जिम्मेवारी र कर्मचारीतन्त्र सञ्चालनको आधार र इतिहासलाई बुझ्न करोडौं दिमागी सेलहरू खर्च गर्नुपर्ने हुन्छ ।

अनगिन्ती अनुभवहरू हासिल गर्नुपर्छ । विभिन्न तहहरू पार गर्नुपर्छ वर्षौंको समय खर्च गर्नुपर्छ । पारिवारिक मोह र माहोलको रस्वास्वादन त्याग गर्नुपर्छ । रंगिन जिजिविषाका इच्छा र आकाङ्क्षाहरू मार्नुपर्छ । जीवनलाई धार मुनीको अचानोमा राखेर जिम्मेवारी सम्हाल्नुपर्छ ।

लुकीछिपी अध्ययन र अध्यापन गर्नुपर्ने बाध्यता पर्छ । जिवनका यौवनहरूलाई व्यर्थैमा खरानी बनाउनुपर्छ । जागिरको स्वार्थमा जीवनको मणि हराउनुपर्छ ।

नागरिकका गर्भदेखि मृत्युपर्यन्त चिहानसम्मका हरेक कार्यहरूमा केन्द्रदेखि स्थानीय जराधार तहसम्म पुगेर कार्यहरूलाई प्रमाणिकरण गर्ने जिम्मेवारी बोकेको कर्मचारीतन्त्रले वर्षौंसम्म अनेकन साक्षीहरू बसेर काम गर्दा र संघर्षपूर्ण तवरबाट कार्यसम्पादन गर्दा पनि बिश्वब्यापी रुपमा सिर्जित कर्मचारीतन्त्रका सिद्धान्त, मर्म र भावनलाई खुट्याएर मिहिन रुपमा बुझेको हुँदैन ।

तर एकाध दिनमै र समयमै सरसर्ती विश्लेषण गरी राजनीतिक दाउपेचमा आक्षेपयुक्त चलन र संस्कृतिले कर्मचारीतन्त्रको व्यावसायिकतामा गम्भीर असर पर्ने कुरालाई ख्याल गरिनु जरुरी छ ।

आफ्नो स्वभाव र शैली अनुकूल नहुँदा स्वार्थप्रेरित भएर चरण चरणमा लगाईने आक्षेपहरूबाट कर्मचारीले आत्मबल गुमाउँछन् । लगनशीलता र लगावलाई सिध्याउँछ । इमान्दारिता, सीप र योग्यतालाई थाती राख्छ । शक्तिशाली पेशागत रत्नलाई गायब बनाउँछ ।

देश र जनताको सेवाप्रतिको गर्वलाई मार्छ, निष्ठा प्रेरणा र सेवाभावलाई गुमाउँछ । कर्मचारीको मेहनतको मूल्य चाकडी र चाप्लुसी भन्दा सस्तो भयो भने इमान्दार मनको मणि हराउँछ ।

हाम्रो प्रशासनिक संयन्त्रहरूमा सेवा प्रवाहका लागि विभिन्न मोडलहरू ल्याईएका छन् । बनाईएका छन् । सेवा वितरणलाई जनतामाझ सशक्त ढंगले सुसूचित गराई सहभागितामूलक तुल्याउने ढंगले विविध समूह, कचहरी, मञ्च, सुनुवाई समिति गठन गरेर भएपनि कार्यलाई प्रभावकारी बनाउने भन्ने व्यवस्थाहरू कार्यान्वयनमा ल्याईएको छ ।

विकासात्मक क्रियाकलापहरू सञ्चालन गर्नेदेखि योजनाको कार्यान्वयनकर्ता, नीतिको ब्यवहारिक अनुयायी र नागरिकलाई प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पात्र कर्मचारीलाई अत्यधिक आलोचना गर्ने प्रवृत्ति हुनुलाई स्वभाविक मान्नु हुँदैन । भनिन्छ, कर्मचारीले लोकप्रिय बन्न जरुरी छैन । लोकप्रिय नहुने भनेर गलत प्रवृत्तिले सिर्जना भएका आलोचना सहनुपर्छ भन्ने पनि छैन ।

कानुनका प्रक्रिया पुरा गरेर छिटोछरितो, मितव्ययी, पारदर्शी ढंगले सेवा प्रवाह गर्नुपर्ने र नीति तर्जुमादेखि कार्यान्वयन तहसम्म मुख्य हकदारको भूमिका निर्वाह गर्ने कर्मचारी प्रशासन नसुध्रिनुमा गाँठो कहाँनेर परेको छ भनेर गाँठो पार्नेलाई र पारेको देख्नेलाई थाहा छ ।

तर गाँठो फुकाउने क्षमता र दक्षता कसैले राख्न सक्दैन । कर्मचारीसँग बुद्धि कम होला तर ज्ञान अथाह छ । विश्वविख्यात प्रशासनविद् इमर्सनले भनेका छन( ज्ञान उपयोग गर्न बुद्धि हुनु आवश्यक छ । त्यसैले ज्ञानको उपयोग गर्नसक्ने सद्बुद्धि कोसँग हुनुपर्नेररहनुपर्ने हो विचारणीय छ ।

कर्मचारी नेतृत्व वर्गले शासकीय क्षमतालाई उत्कृष्ट तुल्याई सन्तुलन कायम गर्नसक्ने ल्याकत र क्षमता राख्नुपर्छ । राजनीति र प्रशासनबीचको सम्बन्धलाई देश र जनताप्रति समर्पण गर्दै प्रगाढ तुल्याउने साथै जनउत्तरदायी र परिणाममुखी बनाउन नागरिकलाई केन्द्रविन्दु मानी उत्कृष्ट शासकीय गतिविधि सञ्चालन व्यवस्था मिलाउनु अपरिहार्य छ ।

कर्मचारीले जनताप्रति र राष्ट्रप्रति गर्ने श्रम र समर्पणको भूमिकालाई नजरअन्दाज नगर्ने जिम्मेवारी कसको हो भन्ने ग्रहण गर्नैपर्छ । इमान्दारीपूर्वक भूमिकामा रही काम गर्ने कर्मचारी भन्दा अनियमिततामा संलग्न रही काम गर्ने कर्मचारी अत्यन्तै न्यून रहने गर्छन् । त्यसको असर सम्पूर्ण कर्मचारी वर्गमाथि पर्छ । यसलाई न्यायसंगत मान्न सकिँदैन । सबैलाई एकै गामालट्ठीले हान्नु गलत हो ।

कर्मचारीमा नैराश्यता बढ्दै गएको महशुस गर्न सकिन्छ । गत आर्थिक वर्षमा राजीनामा दिएर सेवाबाट बाहिरिएको र सेवाबाटै पलायन भएको संख्या हजारौं रहेको समाचार आईरहेका छन् ।

विगत वर्षहरूको तुलनामा निजामती सेवामा विज्ञापन हुँदा आवेदन दिने संख्या अत्यधिक घट्दै गएको पनि जानकारी पाईन्छ । यी दुवै कुराले कर्मचारीतन्त्रप्रतिको विश्वास घटेको मात्र नभई वितृष्णा र घृणा रहेको आभास सजिलै गर्न सकिन्छ । कर्मचारीतन्त्र भित्रका एकाध कपटपूर्ण व्यवहार गर्ने प्रवृत्ति भएकाहरूले सेवामा विध्वंश मच्चाईरहेका छन् । यस्ता प्रवृत्ति भएकाहरू स्वयं आत्मालोचना गरी सेवाबाट बाहिरिनु जरुरी छ ।कर्मचारीहरू जनताबाट अपमानित हुन चाहँदैनन् । असभ्य र अपमानजनक व्यवहार भोग्न चाहँदैनन् । मानसिक रुपमा आत्मसम्मानयुक्त ढंगले कामप्रति जिम्मेवार बन्न चाहन्छन् ।

राजनीतिक हस्तक्षेप र अन्यायपूर्ण व्यवहारबाट मुक्त भई दबाब र तनावरहित कार्य वातावरणमा काम गर्न चाहन्छन् । निश्चित भविष्य र सुरक्षा चाहन्छन् । कामप्रतिको मूल्यांकनका आधारमा सम्मान चाहन्छन् ।

कर्मचारीहरू निश्चित संख्यामा बदमास छन् भन्दैमा पुरै संगठनका नैतिकवान कर्मचारीलाई मुछेर आरोप लगाउने संस्कृतिको अन्त्य चाहन्छन् ।

कर्मचारीका सिद्धान्तहरू अनुशरण गरी काम गर्न चाहन्छन् । कर्मचारीतन्त्रमा छायामा परेका सिर्जनात्मकता, व्यवसायिकता, जवाफदेहिता, आदेशको एकात्मकता उजागर गरी कार्यसम्पादन गर्न चाहन्छन् । कर्मचारीकै पेशागत हकहित र संस्कृतिमा रमाउँदै जनताप्रति बफादार र लगनशील भएर काम गर्न चाहन्छन् । राजनीतिसँग प्रतिष्पर्धा गरेर नभई सहकार्य र सुमधुर सम्बन्धमा काम गर्न चाहन्छन् ।

साभार: अनलाइनखबरडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘फरएभर केमिकल’: अदृश्य तर खतरनाक संकट

*अमीर अहमद*
*बीबीसी विश्व सेवा*



आधुनिक भान्छामा खाना पकाउन प्रयोग हुने 'ननस्टिक फ्राइङ प्यान', खाना बोक्ने बट्टादेखि पानीले नभिज्ने वाटरप्रूफ लुगा र स्मार्ट घडीसम्म हामीले दैनिक प्रयोग गर्ने यी केही उत्पादनहरू हुन् जसमा पीएफएएस अथवा 'फरएभर केमिकल्स' (धेरै लामो समय टिक्ने रासायनिक पदार्थ) हुन्छन्।

टिकाउपनका लागि कुनै बेला असाध्यै महत्त्व दिइएका यस्ता मानव निर्मित रासायनिक पदार्थबाट प्राकृतिक वातावरण र हाम्रो स्वास्थ्यमा हुने खतराका बारे अहिले चिन्ता बढिरहेको छ।

सिड्नी विश्वविद्यालयका चिकित्सा एवं स्वास्थ्य सङ्कायमा वरिष्ठ अनुसन्धान फेलो डा. निकोलस चार्टर्सले यसलाई हाम्रो पुस्ताको "सबभन्दा ठूलो मानवीय तथा पर्यावरणीय सङ्कट" भनेका छन्।

यी रासायनिक पदार्थले हाम्रो हावा, पानी र माटो प्रदूषित बनाउका छन् र यिनलाई मानवमा क्यान्सर र प्रजनन सम्बन्धी कुरासँग पनि जोडेर हेर्ने गरिएको छ।

यी पदार्थले गर्ने सम्भावित हानिबारे बुझ्दै जाँदा पीएफएएसलाई प्रतिबन्ध लगाउनुपर्ने माग संसारभर बढ्दै गइरहेको छ। सरकारहरूले के गरिरहेका छन् र दैनिक जीवनमा यस्ता पदार्थ प्रयोग गर्नबाट कसरी बच्न सकिन्छ?

***हामी तिनलाई किन 'फरएभर केमिकल्स' भन्छौँ***

पीएफएएस अथवा 'पर एन्ड पोलीफ्लोरोअल्काइल सबस्ट्यान्सेस' भनेको १० हजार किसिमका सिन्थेटिक रासायनिक पदार्थ हुन्। पानी, दाग तथा गर्मीप्रति प्रतिरोधी हुने वा खिया लागेर क्षय नहुने भएकाले पीएफएएस प्रयोग गर्ने गरिन्छ।

यी प्राकृतिक रूपमा नष्ट नहुने भएकाले यिनलाई 'फरएभर केमिकल्स' भनेर चिनिन्छ। सन् १९३८ मा टेफ्लोन भनिने पदार्थको अन्वेषण भए सँगै यी अस्तित्वमा आएका हुन्। टेफ्लोन धेरैजसो भाँडाहरूका सतहलाई पकाएको खानेकुरा नटाँस्सिने 'ननस्टिक' बनाउन प्रयोग गर्ने गरिन्छ।

डा. चार्टर्स भन्छन्, " दशकौं वा सयौं वर्ष लगाएर मात्र ती टुक्रिन थाल्छन्।"

बढ्दो प्रमाणहरूले देखाए अनुसार यी रासायनिक पदार्थहरू संसारभरका प्लास्टिकका भाँडामा र बोतलहरूमा पाइन्छन्। यी पर्यावरणमा घुलित हुन सक्छन् र कृषि पदार्थ तथा खाने पानीमा घुलित हुन सक्छन् । यी पदार्थ धुलोका कणमा पनि पाइन्छन्।

यिनलाई हावा वा पानीले यता उता पुऱ्याउन सक्ने भएकाले यिनको लामो समयसम्म प्रदूषण गर्ने चरित्र अझ बढी हानिकारक प्रतीत हुन्छन्।

गत वर्ष अस्ट्रेलियाका न्यू साउथ वेल्स विश्वविद्यालयका अनुसन्धानकर्ताले संसारभरका स्रोतमा पीएफएएस मापनको विश्लेषण गरेका थिए। त्यसमा सरकारी रिपोर्ट, डेटाबेसहरू र समकक्षीहरूबाट समीक्षा गरिएको लेखहरू पनि हेरिएको थियो। त्यसमा २० वर्षको समयमा ४५ हजार भन्दा बढी डेटा हेरिएको थियो।

उनीहरूको निष्कर्ष छ, "विश्वभरको भूमिगत पानीको ठूलो अंशमा पीएफएएसको मात्रा अन्तर्राष्ट्रिय सुझाव तथा नियमनको मापदण्डभन्दा बढी पाइएको छ र भविष्यमा पीएफएएसले पर्यावरणमा पार्ने समस्या वा चाप अहिलेसम्म निकै कम आँकिएको छ।"

***हामीले अहिले मात्रै त्यसबारे किन थाहा पाइरहेका छौं ?***

सन् १९७० को दशकदेखि पीएफएएसमध्ये केही सास लिँदा या निल्दा तिनको सम्भाव्य विषाक्तताबारे अहिले जागरूकता बढेको छ। तर पीएफएएसका मुख्य उत्पादकहरूमाथि उनीहरूले विज्ञान र नियमनलाई प्रभावित पार्ने कोसिस गरेको तथा हानी देखाउने किसिमका अनुसन्धानलाई दबाएको लगायतका आरोप लाग्ने गरेको छ।

सन् २०१९ को फिल्म डार्क वाटर्सले यो मुद्दालाई आम मानिसकहाँ पुऱ्याइदिएको छ। यो फिल्ममा डुपोन्ट नामको रासायनिक पदार्थ उत्पादक सङ्ग र ओहायोका एक सहरका बासिन्दाहरूको वास्तविक जीवनमा आधारित कानुनी लडाइँ देखाइएको छ।

इङ्ल्यान्डमा पनि गत वर्ष बेन्थम नर्थ योर्कशरका बासिन्दाले 'अङ्गस फायर' नामको कम्पनीविरुद्ध कानुनी उपचार खोज्ने निर्णय गरे। स्थानीय कम्पनी अङ्गस फायरले आगो निभाउने वस्तु उत्पादन गर्छ।

उनीहरूले फोममा भएको पीएफएएस माटो र जमिनमुनिको पानीमा चुहिएर घुलित भएको र स्थानीय बासिन्दाको स्वास्थ्यमा सम्भावित खतरा पुऱ्याएको भन्ने दाबी गरेका छन्। अहिले उनीहरूका शरीरबाट रगत निकालेर जाँच्ने कार्य भइरहेको छ।

सन् २०२४को सुरुतिर छापिएको एक रिपोर्टमा ३००० जनसङ्ख्या भएको बेन्थममा यूके भरिमा नै सबभन्दा धेरै पीएफएएसहरू पाइएको भन्ने उल्लेख छ।

क्लीनर बेन्थम क्याम्पेन ग्रुपका अध्यक्ष तथा बेन्थमका बासिन्दा म्याट यड्ले भने, "त्यसले मेरो स्वास्थ्यमा असर पुऱ्यायो कि पुऱ्याएन भन्ने बारे म असाध्यै चिन्तित छु।"

अङ्गस फायरले पीएफएएस भएका वस्तु उत्पादन गर्न रोकेको र विगतमा कुनै प्रदूषण भएको रहेछ भने पत्ता लगाउन नियामकसँग सहकार्य गरिरहेको बताएको छ।

***खतरा के के हुन्?***

'फरएभर केमिकल' हरूलाई मिर्गौला, प्रोस्टेट र टेस्टिकुलर क्यान्सरसँग जोडेर हेर्ने गरिन्छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार तिनलाई उच्च कोलेस्टेरोल, कलेजोको रोग, मिर्गौलाको रोग र




बच्चाहरूमा विकाससम्बन्धी विषयसँग पनि जोडेर हेर्ने गरिएको छ।

'ड्रीङ्किङ वाटर इन्सपेक्टोरेट इन इङ्ल्यान्ड एन्ड वेल्स' ले 'परफ्लोरोअक्टेन सल्फोनिक एसिड' (पीएफओएस) र 'परफ्लोरोअक्ट्यानिक एसिड' (पीएफओए) जस्ता पीएफएएसले "कुनै निश्चित मात्रा पुगे पछि" स्वास्थ्य समस्या गराउने बताएको छ।

परिणामस्वरूप विश्वका विभिन्न ठाउँमा यीमध्ये केही वस्तुको प्रयोगमा रोक तथा नियमन अन्तर्गत पारिएको छ।

सन् २०१०-२०१५ मा अमेरिकाका आठ प्रमुख रसायन उत्पादकले उनीहरूका उत्पादन र उत्सर्जनमा पीएफओए र ती सम्बन्धी रसायन प्रयोग गर्न बन्द गर्न सहमत बनेका थिए।

तर वैज्ञानिकहरू भन्छन् - पीएफएएसहरूको विशाल सङ्ख्याका कारण सबभन्दा विषालु उपसमूह र तिनको मानव स्वास्थ्य तथा पर्यावरणीय खतरा पत्ता लगाउन आवश्यक छ।

यदि पीएफएएसमाथि प्रतिबन्ध लगाइयो नै भने पनि कडा नियम नभएका मुलुकहरूमा लगेर उत्पादन गर्न सकिने विकल्प बाँकी रहेको कोही बताउँछन्। र विज्ञहरूको विश्वास छ तीमध्ये केही उत्पादन ईयू वा अमेरिकी बजारमा निर्यात गर्न सकिने अवस्था रहने छ।

कैयौं अरूले चाहिँ सबै खाले पीएफएएसमा पूर्ण प्रतिबन्ध भए मात्र काम गर्ने ठान्छन् ।

पीएफएएस हाम्रो पानी र माटोलाई प्रदूषित नपार्ने गरी कसरी सुरक्षित रूपमा नष्ट पार्ने भन्ने अर्को ठूलो समस्या हो।

फरएभर लबीइङ प्रोजेक्टले गरेको एक अनुसन्धान अनुसार ब्रिटेनमा पीएफएएस सम्बन्धित प्रदूषण सफा गर्न प्रति वर्ष १३.३ अर्ब डलर लाग्ने अनुमान गरिएको छ। यसमा १६ देशका १८ विज्ञ तथा ४६ जना पत्रकार मिलेर विभिन्न मुलुकको अनुसन्धान गरेका हुन्।


स्टकहोम विश्वविद्यालयमा इन्भाइरनमेन्टल केमिस्ट्रीका प्रोफेसर इयान कजिन्सले बीबीसीलाई गत वर्ष भनेका थिए, "परम्परागत पीएफएएसमा प्रभावकारी उपचार प्रविधि उपलब्ध छन्'।

"सिद्धान्ततः तपाईंले असाध्यै प्रदूषित क्षेत्रलाई सफा गर्न सक्नुहुन्छ यदि तपाईँलाई संसारभर रहेको सबै पैसा प्राप्त छ भने। तर त्यो पैसा कहाँबाट आउँछ? हामीलाई कम खर्च लाग्ने र कम ऊर्जा लाग्ने प्रविधि आवश्यक छ।"

***के 'फरएभर केमिकल'लाई बेवास्ता गर्न सकिन्छ?***

फरएभर केमिकल प्रयोग नगरौं भन्दा पनि निकै मुस्किल हुन्छ।

पीएफएएसहरू तिनको चिल्लोले नबिगार्ने प्रकृति र उच्च तापक्रम सहन सक्ने प्रकृतिका कारण खानेकुराको प्याकेजिङमा धेरै प्रयोग भएको पाइन्छ। त्यसैगरी खानेकुरा बेक गर्ने भाँडा र घरबाहिर लगाउने लुगामा पनि



पाइन्छ।

ती घरमा सरसफाइ गर्ने उत्पादनहरूमा, छालामा लगाइने क्रीमहरूमा वा दाँतमा प्रयोग गरिने फ्लसहरूमा पनि पाइन सक्छन्। ती चिजले छालामा प्रत्यक्ष छुने भएकाले चिन्ताको विषय भएको वैज्ञानिकहरू बताउँछन्।

***त्यसो भए कसरी मानिसहरू फरएभर केमिकल प्रयोग गर्नबाट बच्न सक्छन् ?***

- नन स्टीक भाँडालाई प्रीहीट अर्थात् खानेकुरा भन्दा अगाडि देखि नतताउनू
- केही सामान ल्याउनु छ भने आफ्नै भाँडा ल्याउनू
- सोफा र कार्पेटहरूमा दाग नबस्ने कोटिङहरू लगाउनबाट बच्नुहोस्
- पानी फिल्टर गरेर प्रयोग गर्नुहोस्
- लेबलहरू हेर्नुहोस् र इको वा नन टक्सिक लेखिएका लेबल प्रयोग गर्नुहोस्

डा. चार्टर्स भन्छन्, "हामीले यस्ता विकल्प रोज्न सक्छौं जसबाट हामी आफ्नो पर्यावरणमा प्लास्टिक जस्ता वस्तुको कम प्रयोग गरेर जोखिम कम गर्न सकौं।"

"हामी टेफ्लन लगाएका भाँडा प्रयोग गर्दैनौं हामी स्टीलका भाँडा प्रयोग गर्छौं," उनले भने।

विश्व स्वास्थ्य सङ्गठनले अति आवश्यक बाहेक अन्य पीएफएएस प्रयोग रोक्न भनेको छ तर चेतावनी पनि जारी गरेको छ कि पीएफएएसबाट पानी वितरणमा हुने खतरालाई अरू खतरासँग दाँज्न जरुरी छ जस्तो कि खाने पानी पर्याप्त मात्रामा नहुँदा उत्पन्न हुने खतरा।

***कस्ता खाले नियम लगाइएका छन्?***

सन् २००९ देखि पीएफएएसको प्रयोग स्टकहोम कन्भेन्सन अन पर्सिस्टेन्ट अर्गानिक पोल्युटेन्ट सन्धिमार्फत् अन्तर्राष्ट्रिय रूपमा नियमन गरिएको छ तर अमेरिकालगायत औद्योगिक मुलुकहरूले यसलाई हस्ताक्षर गर्न ढिलो गर्ने गरेका छन्।

सन् २०१८ मा युरोपेली खाद्य सुरक्षा निकाय युरोपियन फूड सेफ्टी अथोरिटीले पीएफओएएस र पीएफओएसको विषाक्तताको प्रमाणको पुन मूल्याङ्कन गरेर सुरक्षित सीमालाई निकै कम गरिदिएको थियो। सन् २०२३ मा डेनमार्क, जर्मनी, द नेदरल्यान्ड्स र नर्वे तथा स्विडेनका अधिकारीहरूले युरोपियन युनियनभित्र पीएफएएसहरूमाथि नयाँ प्रतिबन्ध प्रस्ताव गरेका थिए।

यदि कुनै कार्य गरिएन भने ४४ लाख टन पीएफएएसहरू आगामी ३० वर्षमा पर्यावरणमा थपिनेछन् भन्ने अनुमान ती अधिकारीहरूले गरेका थिए। बीबीसीबाट

### एकीकृत समाजवादीभित्र तीन स्वर :

# खनालको असन्तुष्टि, गौतमको गुनासो र नेपालको चेतावनी

दैनिक समाचारदाता
काठमाडौं ९ भदौ । नेकपा (एकीकृत समाजवादी) गठन भएको चार वर्ष पुगेको अवसरमा सोमबार आयोजित कार्यक्रममा पार्टीका तीन शीर्ष नेताहरू (अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र वरिष्ठ नेता वामदेव गौतम (ले आन्तरिक समस्याबारे आ( आफ्नो धारणा राखे। तर एउटै मञ्चमा बसे पनि तिनका भनाइ तीनथरी निस्किए।

‘आजको सन्दर्भमा नेपाली विशेषताको समाजवाद’ विषयक विचार गोष्ठीमा नेता झलनाथ खनालले पार्टी निर्माणका लागि नयाँ अठोट आवश्यक रहेको बताए। उनले १० औँ महाधिवेशनले पारित गरेको दस्तावेज अझै प्रकाशित



नगरेकोमा प्रश्न उठाउँदै, त्यसलाई सार्वजनिक नगर्दा समाजवादको मार्ग अस्पष्ट बनेको भन्दै असन्तुष्टि व्यक्त गरे। खनालले समाजवाद निर्माणका लागि ठोस राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचना तय गर्नुपर्नेमा जोड दिए।

वरिष्ठ नेता वामदेव गौतम भने आफ्नै पार्टीको गतिविधिबारे अज्ञान रहेको गुनासो गर्दै देखिए। आफू तेस्रो वरीयतामा भए पनि पार्टीको आन्तरिक विषयबारे जानकारी नपाएको उनले बताए। “मैले जनतामा सिधै जाने जिम्मेवारी खोजेको हुँ, तर अहिले कार्यालय आउनु(फर्कनु मात्र भइरहेको छ,” गौतमले गुनासो गर्दै भने। उनले पार्टीलाई २० लाख सदस्यीय संगठनमा विस्तार गर्न ७५३ पालिकामा न्यूनतम पाँच सदस्यीय कमिटी बनाउनुपर्ने प्रस्ताव राखे।

कार्यक्रमको अन्त्यमा अध्यक्ष माधवकुमार नेपालले भने पार्टी नेतृत्वको बदख्वाइँ गर्ने र अनुशासनहीन काम गर्नेहरूलाई नछाड्ने चेतावनी दिए। पछिल्लो समय आफ्नै कार्यशैलीमाथि खनाल, घनश्याम भुसाल, रामकुमारी झाँक्रीलगायत नेताले प्रश्न उठाइरहेका सन्दर्भमा अध्यक्ष नेपालले असन्तुष्टिप्रति अप्रत्यक्ष प्रहार गर्दै पार्टीको पक्षमा दृढताका साथ बोल्न निर्देशन दिए। “पार्टी सिध्याउन खोज्ने प्रवृत्तिलाई छुट दिन सकिँदैन,” उनले चेतावनी दिए।

यसरी एउटै कार्यक्रमभित्र खनालले ‘नयाँ अठोट’, गौतमले ‘भूमिका र संगठन विस्तार’ तथा नेपालले ‘अनुशासन र नेतृत्व प्रतिको निष्ठा’ जोड दिए। तर तीनथरी धारणा प्रकट हुनु आफैँमा पार्टीभित्रको असंगठित अवस्था र आपसी विश्वासको कमी प्रस्ट्याउने संकेत बनेको देखिन्छ।

# सार्वजनिक भयो इन्द्रजात्राको साइत

दैनिक समाचारदाता
काठमाडौं, ९ भदौ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको इन्द्रजात्राको साइत सार्वजनिक गरेको छ। समितिले धर्मशास्त्र, ज्योतिष, संस्कृतिलगायत क्षेत्रका विज्ञहरुसँगको बैठकपछि साइत सार्वजनिक गरेको हो।

समितिले निकालेको साइत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइएको छ।

विगतमा समितिकै पदाधिकारीले प्रमाणित गरेर सम्बन्धित निकायलाई साइत पठाउने गरिएकामा यस वर्ष भने गत असार २३ गतेदेखि समिति पदाधिकारीविहीन भएकाले मन्त्रालयमा पठाइएको समितिका प्रशासन सहायक खिलहरि घिमिरेले जानकारी दिए।

इन्द्रजात्राको साइतको कार्यक्रम आजदेखि सुरु भएको छ। प्रत्येक वर्ष भाद्र शुक्ल द्वितीयाका दिन वनयात्रा गर्ने नियम रहेकामा आज बिहान ०९:४६ बजे वन यात्रा सुरु भएको हो। आज राति ०९:०३ बजे इन्द्रध्वजोत्थानका लागि लिङ्गोको रूख काट्ने साइत छ।

समितिले दिएको आज रातिको साइतमा काटिने लिङ्गो भदौ १५ गते आइतबार भोटाहिटीबाट नगर प्रवेश गराइन्छ। इन्द्रजात्राको परम्परागत नियमअनुसार भोटाहिटीबाट अघि बढाउनुलाई ‘नगर प्रवेश’ भनिने गरेको उनले बताए।

यही भदौ १९ गते बिहीबार बिहान १०:३१ बजे इन्द्रध्वजोत्थानको साइत छ। प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीका दिन इन्द्रध्वजोत्थान गर्ने शास्त्रीय विधि छ।

इन्द्रजात्राको मुख्य दिन भाद्र शुक्ल चतुर्दशी हो। यस दिन राष्ट्राध्यक्ष एवं सरकार प्रमुखलगायत मुख्य व्यक्तिहरुले कुमारी इन्द्रयात्रा अवलोकन गर्ने परम्परा रहिआएको छ। यसै दिन तल्लो टोलमा यात्रा गराइन्छ। भदौ २२ गते आइतबार माथिल्लो टोल यात्रा गराइन्छ। यात्राका लागि साइतको आवश्यकता नपर्ने समितिले जनाएको छ।

यही भदौ २६ गते बिहीबार नानिचा यात्रा गरिन्छ। त्यसै दिन राति १०:३२ बजे इन्द्रध्वज पातन अर्थात् लिङ्गो ढाल्ने साइत रहेको छ। आश्विनकृष्ण चतुर्थीका दिन इन्द्रध्वज पातन गरिन्छ।

इन्द्रजात्राको लिङ्गो ढालेपछि राष्ट्रपति रामचन्द्र पौडेलले कुमारीको हातबाट टीकाप्रसाद ग्रहण गर्नुहुनेछ।

भाद्र शुक्ल द्वितीयादेखि सुरु हुने इन्द्रजात्राको साइतका कार्यक्रम आश्विन कृष्ण चतुर्थीका दिन सकिन्छ। यसरी १७ दिनसम्म इन्द्रजात्राका विभिन्न गतिविधि हुने गरेको छ।

# रवि लामिछानेको थुनामै राख्ने आदेशविरुद्ध रिट

दैनिक समाचारदाता
काठमाडौं, ९ भदौ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थुनामै पठाउने जिल्ला अदालत रुपन्देहीको आदेशविरुद्ध उच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

जिल्ला अदालत रुपन्देहीका न्यायाधीश नारायणप्रसाद सापकोटाको इजलासले लामिछानेलाई थुनामै राखेर अनुसन्धान अघि बढाउन आदेश जारी गरेको थियो।

उक्त आदेशविरुद्ध सोमबार उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा रिट निवेदन दर्ता भएको हो। बुटवलको सुप्रिम सहकारी ठगी अभियोगमा लामिछाने गत चैत २५ देखि कारागारमा छन्।

हाल नख्खु कारागारमा रहेका लामिछानेको पछिल्लो आदेश बदर गरीपाउँ भनेर निवेदन दर्ता भएको सूचना अधिकारी राम बहादुर कुँवरले अनलाइनखबरलाई जानकारी दिए।

लामिछानेले आफू सहकारी ठगीमा संलग्न नभएको जिकिर गर्दै बचतकर्ताको बचत फिर्ताको सुनिश्चित आफूबाटै गर्न चाहेको तर्क गर्दै आफ्नो भागको बिगो बराबरको जमानत लिएर रिहा गर्न माग गर्दै जिल्ला अदालत रूपन्देहीमा यही साउन १९ गते सोमबार निवेदन दिएका थिए। लामिछानेले आफ्नो भागको ठगी रकमको बिगो बापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत पनि साउन १९ गते निवेदनसँगै दाखिला गरेका थिए।बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा गत चैत २२ गते उच्च अदालत तुलसीपुरको बुटवल इजलासले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। उच्च अदालतको आदेशलाई सर्वोच्च अदालतले पनि सदर गरेको थियो।

# कवाड व्यवसायीहरूको काठमाडौंमा प्रदर्शन




दैनिक समाचारदाता
काठमाडौं, ९ भदौ। काठमाडौंमा कवाड व्यवसायीहरूले सोमवार प्रदर्शन गरेका छन्। कवाड व्यवसायी संघर्ष समितिले काठमाडौं महानगरविरुद्ध प्रदर्शन गरेका हुन्।उनीहरूले भृकुटीमण्डपदेखि कमलादीस्थित काठमाडौं प्लाजासम्म प्रदर्शन गरेका हुन्।

महानगरपालिकाले कवाड संकलन र भण्डारणमा रोक लगाएको विरोधमा कवाड संकलक र व्यवसायीहरूले प्रदर्शन गरेका हुन्।महानगरले आफ्नो क्षेत्रभित्र कवाड संकलन र भण्डारणमा प्रतिबन्ध लगाएको भन्दै पछिल्लो समय उनीहरू आन्दोलित छन्। आफूहरूको रोजीरोटी खोसेको भन्दै कवाड संकलक र व्यवसायीहरू मेयर बालेन साहसँग रिसाएका छन्।




# सशस्त्र प्रहरी बल रौतहटद्वारा ३० बोरा सुर्ती बरामद



रौतहट, ९ भदौ। सशस्त्र प्रहरी बल रौतहटले अवैधरुपमा भण्डारण गरेर राखेको ३० बोरा सुर्ती तथा सुर्तीजन्य पदार्थ बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल रौतहटका प्रमुख तथा सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतले ईशनाथ नगरपालिका-४ मठियास्थित रामसिंह चनौको भट्टी पसल नजिकैबाट सो परिमाणको सूर्तीजन्य पदार्थ आज बरामद गरेको जानकारी दिनुभयो।

“सशस्त्र प्रहरी प्रमुख बस्नेत र ‘बोर्डरआउटपोष्ट’ औरैयाका सशस्त्र प्रहरी निरीक्षक खेमरोज जोशीको कमाण्डमा खटिएको संयुक्त टोलीले सीमास्थित दशगजा क्षेत्रदेखि करिब दुई सय मिटर पूर्वतर्फ रामसिंह चनौको भट्टी पसलको छेउ र चुमन मियाँको धान खेतमा अबैध रुपमा भण्डारण गरी लुकाइछिपाइ राखेको अवस्थामा बरामद गरिएको ३० बोरा सुर्तीजन्य पदार्थ गौर भन्सार कार्यालयमा बुझाइएको छ।” उहाँले भन्नुभयो।

सशस्त्र प्रहरी बल रौतहटले गत आर्थिक वर्ष २०८१/८२ मा रु पाँच करोड ७४ लाख दुई हजार छ सय ९९ मूल्य पर्ने भन्सार छलीका विभिन्न सामान बरामद गरेको छ।

जिल्लास्थित बङ्कुल, गौर, रामपुरखाप, औरैया, बन्जराहा, जयनगर र मटियास्थित सीमावर्ती क्षेत्रका सुरक्षाकर्मी एवं भन्सार कर्मचारीलाई छलेर सुर्तीजन्यसहित विभिन्न किसिमका लागूपदार्थ, लत्ताकपडा, खाद्यान्न, तरकारी, मासुजन्य पदार्थ, साना तथा मझौला खालका हातहतियार, पटकालगायतका अवैध सामग्री नेपालतर्फ भित्रिने तथा चोरी डकैती गरी सीमापार भएर सुरक्षित हुनखोज्ने गैह्रकानुनी घटनाक्रम न्यूनीकरण तथा नियन्त्रण गर्न सशस्त्र प्रहरी वल केन्द्रित रहेको प्रमुख बस्नेतले स्पष्ट गर्नुभयो। रौतहटका सशस्त्र प्रहरी प्रमुख बस्नेतका अनुसार जिल्लास्थित स्थानीय निकाय, विभिन्न राजनीतिक दल, नागरिक समाज र सर्वसाधारण जनतासमेतको साथ-सहयोग र समन्वयमा सीमा तथा भन्सार क्षेत्रमा हुनसक्ने अवैधकारोबारसहित गैह्रकानुनी गतिविधि न्यूनीकरण तथा नियन्त्रण गर्ने सन्दर्भमा उल्लेख्य सफलता प्राप्त भएको छ। रासस




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४